# दक्षिणकाली नगरपालिका

नगर कार्यपालिकाको कार्यालय

बाग्मती प्रदेश

फर्पिङ्ग काठमाण्डौ

**प्रथम पटक प्रकाशित मिति २०७६।११।१३**

यस नगरपालिकाबाट आ. व. २०७६।७७ का लागि स्विकृत कार्यक्रम बमोजिम अत्यावश्यक औषधि सिलबन्दी दरभाउपत्र द्वारा खरिद गर्नुपर्ने भएकोले इच्छुक इजाजत प्राप्त व्यक्ति / फर्म/ निर्माता वा कम्पनीबाट निर्धारित शर्तहरुको अधिनमा रही गोप्य सिलबन्दी दरभाउपत्र आह्वान गरिन्छ ।

१. सिलबन्दी दरभाउपत्र शुल्क रु १०००/-

२. सिलबन्दी दरभाउपत्र खरिद गर्ने मिति र स्थान : - २०७६।११।२७ सम्म, दक्षिणकाली नगरपालिका कार्यालय समय भित्र

३. सिलबन्दी दरभाउपत्र दर्ता गर्ने अन्तिम मिति र स्थान : - २०७६।११।२८ गते दिनको १२:०० बजे सम्म दक्षिणकाली नगरपालिका ।

४. सिलबन्दी दरभाउपत्र खरिद गर्ने वा दर्ता गर्ने अन्तिम दिन सार्वजनिक विदा पर्न गएमा सो दिनलाइ एक दिन पछाडि सारिनेछ ।

५. दरभाउपत्र खरिद गर्नका लागि व्यक्ति बाहेक संस्था वा फर्मको हकमा यसं नगरपालिकामा सूचि दर्ता गर्नुपर्नेछ । प्रति एक फर्मको सूचि दर्ताको शुल्क रु ५००/- हुनेछ ।

६. दरभाउपत्र दाताले दरभाउ पेश गर्दा निम्न लिखित कागजातहरु संलग्न गर्नुपर्नेछ :-

- आ.व २०७५।०७६ को करचुक्ता प्रामणपत्रको छाँया प्रति
- नविकरण गरिएको कम्पनी दर्ता प्रमाणपत्र वा फर्म दर्ता प्रामणपत्र छाँया प्रति
- औषधी सम्लायर्स इजाजत पत्रको छाँया प्रति
- मु.अ. कर दर्ता प्रामणित प्रतिलिपिहरु
- नागरिकताको प्रमाणपत्र छाँया प्रति
- स्थानिय निकायमा व्यवसाय दर्ता भएकोमा सो को नविकरण सहितको प्रमाणपत्र छाँया प्रति
- DDA/WHO-GMP प्रमाणपत्र छाँया प्रति

७. सिलबन्दी दरभाउपत्रहरु खोलिने मिति समय र स्थान :- मिति २०७६।११।२८ गते दिनको २:०० बजे दक्षिणकाली नगरपालिकाको कार्यालय

८. सिलबन्दी दरभाउपत्र खोल्दा यस कार्यालयको कर्मचारी र प्रतिनिधिका रोहवरमा खोलिने छ तर दरभाउपत्र दाताको प्रतिनिधिको उपस्थित हुन सकेन भने पनि दरभाउपत्र खोल्न बाधा पर्ने छैन ।

९. सिलबन्दी दरभाउपत्रमा कबोल गरेको रकमको ५ प्रतिशत रकम धरौटी वापत यस नगरपालिकाको धरौटी खाता नं १२००३०३००७१०२ नाममा राष्ट्रिय वाणिज्य बैँक फर्पिङ्ग शाखामा धरौटी खातामा जम्मा गरेको सक्कल भौचर वा दरभाउपत्रदाताले दर्ता गर्ने मितिले ९० दिन अवधि रहेको बाणिज्य बैँक द्वारा यस नगरपालिकाको नाममा जारी गरीएको जमानत पत्र संलग्न राख्नुपर्नेछ ।

१०. दरभाउपत्रमा दर अंक र अक्षर महलमा स्पस्ट खुलाउन पर्नेछ अंक र अक्षरमा फरक परेमा अक्षरमा लेखिएको दर मान्य हुनेछ । कुनै महलमा दर उल्लेख गर्न छुट भएमा सो दरभाउपत्र मान्य हुनेछैन । मुल्य अभिबृद्धि कर लाग्ने आइटमको विवरण उल्लेख गर्नुपर्नेछ । विवरणमा उल्लेख नभएको बस्तुको मु.अ. कर भुक्तानी गरिने छैन ।

११. आपुर्ती गरिएको औषधी तथा औषधीजन्य सामाग्रीहरु दाखीला भएको मितीले कम्तीमा २ वर्षको म्याद भएको हुनुपर्नेछ ।

१२.दरभाउदाताले पुरा ठेगाना फोन नं र भए प्याक्स नं तथा मोवाइल नं आदि खुलाउनु पर्नेछ । दरभाउपत्र स्विकृत भएको जानाकारी पाएर पनि तोकिएको समयाबधिमा सम्झौता गर्न नआएमा दरभाउपत्र रद्ध गरी निजले राखेको धरौटी जफत गरी नजिकको दोस्रो दरभाउपत्र स्विकृत गरी सम्झौता गरिन्छ ।

१३. DDA/WHO-GMP प्रमाणपत्र प्राप्त कम्पनीको मात्र औषधी सामाग्री खरिद गरिने छ र दरभाउपत्रको महलमा कुन कम्पनीको औषधी तथा औपधीजन्य सामग्रीहरु आपूर्ती गरिने हो कम्मनीको नाम स्पष्ट उल्लेख गर्नुपर्नेछ ।

१४. खरिद आदेशमा उल्लेखित औषधी तथा औषधीजन्य सामाग्रीहरु यस नगरपालिकाको जिन्सी शाखासम्म दरभाउपत्रदाताले पुर्याउनु पर्नेछ । उक्त सामाग्रीहरु दाखिला गर्दासम्म लाग्ने ढुवानी भाडा तथा अन्य कर सेवा शुल्क दरभाउपत्र दाताले ब्यहोर्नु पर्नेछ । त्यसका लागि कार्यालयले छुट्टै रकम भुक्तानी गर्ने छैन ।

१५. निशुल्क स्वास्थ्य सेवा कार्यक्रम अन्तर्गतको खरिद आदेश बमोजिमका औषधी सामानहरुमा नमेटीने गरी ठूलो अक्षरमा नि:शुल्क Supply for Dk Mun. भनि लेखिएको हुनुपर्नेछ ।

१६. एक फर्म र कम्पनीको नाममा खरिद गरिएको दरभाउपत्र फाराम अर्को फर्म वा कम्पनीको नामबाट दाखिला गर्न पाइने छैन ।

१७. यो सूचनामा उल्लेख हुन छुट भएका अन्य व्यहोरा सार्वजनिक खरीद ऐन २०६३ र सार्वजनिक खरीद नियमावली २०६४ तथा अन्य प्रचलित कानुन बमोजिम हुनेछ र नगरपालिकाको निर्णयलाइ अन्तिम मानिने छ । अन्य कुरा बुझ्न परेमा यस नगरपालिकाको फोन नं ०१-४७१००२८ मा कार्यालय समयभित्र सम्पर्क गरी बुझ्न सकिनेछ ।